# मिर्चैया नगरपालिका
# Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh Province, Nepal

पत्र संख्या: २०८३/०८४
च.न.

मिति २०८३/०६/२८ गते

मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा मधेश प्रदेश, नेपाल

**विषय : सूचना प्रकाशन गरिएको वारे ।**
**पोखरी र हटिया बजार ठेक्का सम्वन्धि शिलबन्दि बोलपत्र**
**पाँचौ पटक सूचना प्रकाशन मिति २०८३/०६/२८ गते**

मिर्चैया नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको तपसिल वमोजिमको सार्वजनिक पोखरी र हटिया बजारहरुको शिलबन्दि बोलपत्रद्धारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिन चाहने इच्छुक फर्म तथा व्यक्तिहरुले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मिति देखी १५ दिनभित्र वोलपत्र खरीद गरी १६ औ दिन दिनको १२ वजेभित्र वोलपत्र दर्ता गर्न सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१.पोखरीहरु (२०८३ श्रावण १ गते देखि २०८८ असार मशान्तसम्मको लागि ५ वर्ष)**

| सि.न. | पोखरीको नाम | ठेगाना मिर्चैया | न्यूनतम कवोल अंक रु. (५ वर्ष) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुसलमान टोलनिरको पोखरी | १२ | १२,२९९/- | रु.१००० | |
| २ | मटियर्वा डोम्वा घर निरको पोखरी | ६ | २,४७,९४९/- | रु.१००० | |
| ३ | मलहनिया नहरनिरको पोखरी | २ | १९,८३६/- | रु.१००० | |
| ४ | कंचनपुर गाँउनिरको पोखरी | ११ | ५९,५०८/- | रु.१००० | |
| ५ | फुलवरिया वजार शिव मन्दिर पोखरी | ७ | १८,८४५/- | रु.१००० | |
| ६ | फुलनिया ठूलो पोखरी | २ | ४०,८९,७८५/- | रु.३००० | |
| ७ | गदहवा प्रा.वि. पोखरी | ११ | १,३७,१२५/- | रु.१००० | |
| ८ | देवला घरनिरको पोखरी | १२ | १,२४,२९५/- | रु.१००० | |
| ९ | नि.मा.वि. निरको पोखरी मल्हनियाँखोरी | २ | २०,०५,१९६ /- | रु.३००० | |
| १० | महेश्वर दहवला वातावरण मैत्री पोखरी नं.३ | १० | २,५६,६०८/- | रु.१००० | |
| ११ | महेशपुर वडा कार्यालय निरको पोखरी | १० | ९९,१६५/- | रु.१००० | |
| १२ | छिपोलिया पोखरी | ११ | ३,४८,३००/- | रु.१००० | |
| १३ | कमियाटोल निरको पोखरी | १ | ४,९९,५००/- | रु.१००० | |

**२.हटिया बजारहरु (२०८३ श्रावण १ गते देखि २०८४ असार मशान्तसम्मको लागि १ वर्ष)**

| सि.न. | बजारको नाम | ठेगाना | न्यूनतम कवोल अंक (१ वर्ष) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखा बजार | मिर्चैया न.पा.७ | ५०१९२/- | रु.१००० | |
| २ | राघोपुर बजार | मिर्चैया न.पा.३ | ८८५७/- | रु.१००० | |
| ३ | मल्हनियाँ बजार | मिर्चैया न.पा. २ | २५५१५/- | रुं.१००० | |

प्रमुख प्रशासकीय अधिकृत

# मिर्चैया नगरपालिका
# Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office of the Municipal Executive

मिर्चैया, सिरहा
Mirchiya, Siraha
मधेशप्रदेश,नेपाल ।
Madhesh Province, Ne


पत्र संख्याः २०८३/०८४

१.वोलपत्र साथ धरौटी वापत आफुले कबोल गरेको कुल रकमको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत हुने रकम यस मिर्चैया नगरपालिकाको कार्यालय मिर्चैयाको कोड नं. १६-३६५-२३ एन.आई.सि.एसिया बैंक मिर्चैया,सिरहा स्थित रहेको ६६४१४९८७४८५२४००२ धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकले जारी गरेको बोलपत्र जारी गर्ने अन्तिम ९० दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति र नागरिकता प्रतिलिपि शिलबन्दि वोलपत्र साथ संग्लन हुनु पर्नेछ ।

२.ठेक्काको न्यूनतम अंकवाट कबोल अंक सुरु हुनेछ ।

३.ठेक्का अवधि : पोखरीको हकमा २०८३ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८८ असार मशान्तसम्म र हटिया बजार मिति २०८३ श्रावण १ गतेदेखी लागु हुनेगरी २०८४ असार मशान्तसम्म हुनेछ र पोखरी ठेक्काको कबोल गरेको रकम एकमुष्ट रुपमा वुझाउनु पर्नेछ । पोखरीको ठेक्का स्वीकृत भएपछि आफुले कवोल गरेको रकम सम्झौता अगावै एकमुष्ट कार्यालयमा वा नगरपालिकाको नाममा रहेको खाता नं.०६६२०५००२९३८७००२ एन.आई.सि.एसिया मिर्चैया बैंक खातामा रकम दाखिला गरेको सक्लै भौचर र मूल्य अभिवृद्धि कर वापतको रकम बुझाएपछि मात्र चलन पूर्जी दिइनेछ ।

४.हटिया वजारको हकमा एकमुष्ट रकम वुझाएमा १० प्रतिशत छुट दिनेछ । किस्ता गर्नुपरे नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त गरेको क वर्गको बैंकवाट जारि गरेको बैंक ग्यारेन्टीको सक्कल प्रति वुझाउनुपर्नेछ । पोखरी ठेक्कामा कुनै किसिमको छुट दिइने छैन ।

५.मिति २०८३/०६/२८ गतेदेखि २०८३/०७/११ गतेभित्र माथि उल्लेखित भए बमोजिमको नगदी रसिद लिई यस न.पा.वाट वोलपत्र खरिद गर्न सकिनेछ र मिति २०८३/०७/१२ गतेको १२ बजेसम्म यस न.पा.को राजश्व शाखामा वोलपत्र दर्ता गर्नुपर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु सोहि दिन दिनको दिउसो २ बजे खोलिनेछ । वोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

६.रित पूर्वक प्राप्त नभएको तथा म्याद नाघि आएको बोलपत्र फारम स्वीकृत गरिने छैन ।

७.यस कार्यालयको बाकि वक्यौता पेश्की तथा वेरुजु भएको व्यक्तिको वोलपत्र समावेश गरिने छैन ।

८.यस सम्वन्धि विस्तृत बुझ्न चाहेमा मिर्चैया नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

९.ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

१०.सूचनामा उल्लेख नभएमा अन्य कुरा प्रचलित ऐन,नियम अनुसार हुनेछ ।

११.ठेक्कामा लाग्ने सवै किसिमको कर ठेक्केदार वा संस्था स्वयं वुझाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत